## बैठक नं. ६८

आज मिति २०७७ मंसिर २८ गते आइतबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ६८ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

# अन्य आमन्त्रित

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. जिवलाल श्रेष्ठ, शा. अ. अर्थ प्रशासन तथा योजना शाखा
३. शिव सापकोटा, अधिकृत छैठौं, आर्थिक विकास शाखा
४. अभिनाश पन्थी, अधिकृत छैठौं, योजना उपशाखा
५. कृष्ण हरी सापकोटा, सूचना प्र. अधिकृत, सूचना प्रविधि शाखा
६. अनिता नेपाली, रोजगार संयोजक, प्र. रोजगार शाखा
७. विमला लम्साल, अधिकृत छैठौं, महिला विकास शाखा
८. टिकाराम अर्याल, इन्जिनियर।

६८औं वैठक

२०७७।८।२८ को नगर कार्यपालिकाको वैठकमा छलफलका लागि पेश भएका प्रस्ताव र सो सम्वन्धमा भएका निर्णयहरु

१, सडकवोर्डको लागि योजना छनौट गर्ने सम्वन्धमा

२, मेडपाको कार्यक्रम संचालन सम्वन्धमा

३, प्रधान मन्त्री रोजगार कार्यक्रमका योजना संचालन गर्ने सम्वन्धमा

४, वातावरण परीक्षण कार्यविधि २०७७ स्वीकृत गर्ने सम्वन्धमा

५, विद्यालयको म.ले.प. गराउनकालागि लेखापरीक्षक सूचिकृत गर्ने सम्वन्धमा

६, ६ नं. वडाको भलिवल कपको रु, १ लाखबाट कुमसोत नयांछापबाटो स्तरोन्ती गर्ने

७, १५ नं. को विपद व्यवस्थापनको खर्च मध्येवाट स्वास्थ्यसंस्थाको शौचालय र इन्भर्टर प्रदान गर्ने

८, ल.ई. तयार गरेपछिमात्र कार्य संचालन गर्ने सम्वन्धमा

९, कृषि यन्त्र उपकरणमा लागत साझेदारी सम्वन्धमा

१०, भूमिसम्वन्धी समस्या समाधान आयोगको कार्यसंचालन सम्वन्धमा

निर्णय नं.१,

प्रस्ताव नं. १ उपर छलफल गर्दा चालु आ.व. २०७७/०७८ का लागि सडक बोर्ड नेपालको सहयोगमा यस नगरपालिका क्षेत्रमा मर्मत गर्नका लागि अति आवश्यक देखिएका सडकहरु छनौट गरी सिफारिस गर्ने कार्यका लागि नगर प्रमुख र पूर्वाधार विकाश शाखा प्रमुख समेतबाट स्थलगत अनुगमन गरी मर्मत नगरी नहुने अवस्थामा रहेका सडकहरु छनौट गरी तोकिएको समय भित्र सम्वन्धित निकायमा ला.ई. तयार पारी सिफारिस साथ पठाउने र उक्त सडक मर्मतका लागि स्थानीय तहबाट लागत सहभागिता बमोजिम तोकिए अनुसारको रकम समपुरक कोषबाट व्ययभार गर्ने निर्णय गरियो ।

निर्णय नं.२,

प्रस्ताव नं. २ उपर छलफल गर्दा चालु आ.व. २०७७/०७८ का लागि यस नगरपालिकामा संचालन हुने लघुउद्यम विकास (मेडपा) साविकका गाउँविकास समितिका वडाहरुलाई समेट्ने गरी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने र सहभागीहरुको मागका आधारमा तोकिए अनुसारका कार्यक्रम संचालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार ओझा
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं.३,

प्रस्ताव नं. ३ उपर छलफल गर्दा चालु आ.व. २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दा बेरोजगार सूचिमा सूचिकृत भएका व्यक्तिहरुलाइ रोजगारी दिने प्रयोजनका लागि तोकिएको व्यवस्थाको प्रतिकुल नहुने गरी कार्यविधिसंग मेलखाने वडाका अन्य विकास आयोजनाहरु समेतमा कामकाजमा लगाई रोजगार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४,

प्रस्ताव नं. ४ उपर छलफल गर्दा विधायन समितिबाट सिफारिस भए अनुसार "देवचुली नगरपालिकाको प्रारम्भिक वातावरण परीक्षण कार्यविधि २०७७" लाई स्वीकृतगरी कार्यन्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं.५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुको आर्थिक कारोवारको लेखा परीक्षण गर्ने कार्यका लागि इजाजत प्राप्त लेखापरीक्षकहरुको सूचिकृतका लागि सूचना जारी गर्ने/गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं.६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. ६ को आदिवासी जनजाती भलिवल कप संचालनका लागि वडा स्तरबाट विनियोजित रकम रु, १,००,०००।- (एक लाख रुपैया) हालको अवस्थामा भलिवल खेल संचालन गर्न कठिनाइ परेकोले उक्त कार्यक्रमको रकम कुमसोत नयांछाप बाटो स्तरोन्ती गर्नेकार्यमा रकमान्तर गर्न माग भए अनुसार प्राविधिक ल.ई.समेतको आधारमा कार्यसंचालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं.७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १५ को बिपद् व्यवस्थापन कार्यक्रम अन्तरगत वडा स्तरबाट विनियोजित रकम रु,८ लाख मध्येबाट आधारभूत स्वास्थ्य सेवा केन्द्रमा शौचालय निर्माणका लागि ल.ई. अनुसार रु, १,५०,०००।- (एक लाख पचास हजार रुपैया) र वडा कार्यालयमा इन्भर्टर जडानका लागि रु,५०,०००।- (पचास हजार रुपैया) रकमान्तर गरी तोकिए अनुसारको कार्यसंचालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

दुर्गा कुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं.८,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका कतिपय विकास निर्माण/मर्मत संभारका योजनाहरु तोकिएको प्राविधिकबाट लागत इष्टिमेट तयार पारी स्वीकृत भए पश्चात कार्य संचालन गर्नुपर्नेमा सम्वन्धित प्राविधिकको जानकारी विना कतिपय विकास निर्माण/मर्मत संभारको कार्य संचालन गर्ने गरेको भन्ने गुनासो सुनिन आएकोले प्राविधिकको राय परामर्श चाहिने प्रकृतिको विकास निर्माण/मर्मत संभारका कार्य संचालन गर्नु पूर्व सम्वन्धित प्राविधिकबाट लागत इष्टिमेट तयार पारी स्वीकृत गराइ त्यस्ता प्रकृतिका कार्य संचालन गर्ने गराउने कार्यमा एकरुपता कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.९,

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिका वा वडा कार्यालयहरुबाट कृषि व्यवसायको प्रवर्धन वा कृषि व्यवसायको सुधारमा प्रोत्साहन स्वरुप कृषक समुहलाइ कृषि यन्त्र उपकरण खरिद गरी हस्तान्तरण गरिदै आएकोमा यस्ता कृषि यन्त्र उपकरणहरुको माग बढ्दै गएको र कृषकहरुको लागत सहभगिता विना उपलब्ध भएका कृषि यन्त्र उपकरणहरुको दिगोपनाका लागि मर्मत सम्भारमा ध्यान नपुग्ने अवस्था देखिन गएकोले रु, ५० हजार भन्दा बढी लागतका कृषि यन्त्र उपकरंण उपलब्ध गराउदा स्थानीय उपभोक्ताहरुवाट कम्तीमा ३० प्रतिशतले हुन आउने रकम लागत सहभागीता गराएर मात्र त्यस्ता कार्यक्रम सचालन गर्ने गराउने गरी एकरुपता कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.१०,

प्रस्ताव नं. १० उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको लगत संकलन सम्वन्धी कार्य समयभित्र सम्पन्न गर्नेगरी मिति २०७७।८।२७ मा भूमि सम्वन्धी समस्या समाधान आयोग र यस नगरपालिका बीच समझदारी पत्रमा भएको संझोता बमोजिम तोकिएको समय भित्र कार्य सम्पन्न गरी भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको लगत संकलन कार्यमा तत्सम्वन्धी नियमावली, कार्यविधि तथा मापदण्ड समेतको परिधिभित्र रही कार्य सम्पन्न गर्नेगरी सवै वडा कार्यालय, पदाधिकारी/कर्मचारी, नगरपालिका समेतले आ-आफ्नो क्षेत्रबाट जिम्मेवार पूर्वक इमान्दारीताका साथ कार्यसम्पन्न गर्ने निर्णय गरियो ।

विविध विषय

नगरपालिका कार्यालय भवन अगाडि रहेको पुरानो जीर्ण भवनले कार्यालयको बाहिरी आवरणमा समेत असर पारेकोले उक्त भवन भत्काइ सो भवनमा रहेका पुराना जिन्सी सामानहरुको व्यवस्थापन गर्ने सम्वन्धमा मिति २०७५।९।१९ को २७ औं र २०७५।१०।७ को २८ औं नगर कार्यपालिकाबाट भएको निर्णय बमोजिम पुरानो भवन भत्काउने सिलसिलामा डांकवढावढ प्रकृयाबाट मुल्यांकन समेत भइसकेकोमा भवन भत्काउने कार्य बांकी नै रहेकोले उक्त प्रकृया अनुसारको कामलाइ निरन्तरता दिइ सो को कार्यान्वयन गर्न पुनःस्मरण गराउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner